M/OTC

नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
# सहकारी विभाग
(संस्था संगठन शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email:sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :- ६५४
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०६६।०९।०१

विषय:- विषयगत र केन्द्रीय संघ दर्ता सम्वन्धमा ।

श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय
(सुनसरी, चितवन,कास्की,बाँके र कैलाली)
श्री डिभिजन सहकारी कार्यालय............................

प्रस्तुत विषयमा मिति ०६६।०७।१८ गते सहकारी विभागका रजिष्ट्रार श्री महेश्वर शर्मा पौडेलको संयोजकत्वमा नेपाल राष्ट्र बैंक, राष्ट्रिय सहकारी संघ, राष्ट्रिय सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी बैंक र केन्द्रीय सहकारी संघका प्रतिनिधिहरु सहित बसेको बैठकको सिफारीश अनुसार विभागको मिति ०६६।०८।२९ को निर्णयानुसार विषयगत जिल्ला संघ र केन्द्रीय सहकारी संघ दर्ता सम्वन्धमा तपशिल वमोजिम निर्णय भएकोले आवश्यक कार्यार्थ एवं जानकारीको लागि आदेशानुसार अनुरोध छ ।

तपशिल

क) केन्द्रीय सहकारी संघ दर्ता भएका विषयहरुमा प्रारम्भिक सहकारी संस्था र विषयगत जिल्ला संघ दर्ता गर्न सकिने ।

ख) हालसम्म दर्ता भएका सहकारी संस्थाहरुलाई मध्यनजर गर्दा तपशिलका विषय पहिचान गरी तत् तत् विषयमा विषयगत जिल्ला संघ दर्ता हुन सक्ने ।

| | | | |
|---|---|---|---|
| (१) स्वास्थ्य | (२) संचार | (३) यातायात | (४) सिंचाई |
| (५) पर्यटन | (६) विद्युत | (७) पशुपंछी पालन | (८) जडीबुटी |

(श्रीकृष्ण नेपाल)
शाखा अधिकृत

वोधार्थ
श्री राष्ट्रिय सहकारी संघ लि.नेपाल विजुलीवजार, काठमाण्डौ,
श्री राष्ट्रिय सहकारी विकास वोर्ड, हरिहरभवन, ललितपुर,
श्री राष्ट्रिय सहकारी बैंक लि. नयाँवानेश्वर, काठमाण्डौ,
श्री केन्द्रिय वचत तथा ऋण स.सं.लि, नयाँवानेश्वर, काठमाण्डौ,
श्री केन्द्रिय दुग्ध सहकारी संघ लि., नयाँवानेश्वर, काठमाण्डौ,
श्री केन्द्रिय तरकारी तथा फलफूल सहकारी संघ लि.,कालीमाटी, काठमाण्डौ,
श्री केन्द्रिय उपभोक्ता सहकारी संघ लि.,ग्वार्को,ललितपुर,
श्री केन्द्रिय कफी सहकारी संघ लि., नयाँवानेश्वर, काठमाण्डौ,
श्री केन्द्रिय मौरीपालन सहकारी संघ लि.,भरतपुर-१०,चितवन,
श्री नेपाल कृषि सहकारी संघ लि.,पुल्चोक,ललितपुर,
श्री जुनार केन्द्रिय सहकारी संघ लि., काठमाण्डौ,

M१९८

नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
# सहकारी विभाग
(..........संस्था संचालन..........शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email:sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
चलानी नं. :- ६६४
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०६६।०९।०२

विषयः- परिपत्र सम्बन्धमा ।

श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय,
सुनसरी, चितवन, कास्की, बाँके, कैलाली ।
श्री डिभिजन सहकारी कार्यालय, ३३

प्रस्तुत विषयमा तँहा कार्यालयको प्रादेशिक क्षेत्रभित्र रहेका बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरुले आवाशीय तथा रियल स्टेटमा लगानी गर्दा देहाय बमोजिमको व्यवस्थाको निर्देशन जारी गरी ठूला सहकारी संस्थाहरुको नियमित निरीक्षण र अनुगमन समेत गरी कडाईका साथ पालना गर्न लगाउनु हुन र सो अनुसार गरेको नपाईएमा प्रचलित कानुन बमोजिम आवश्यक कारवाही समेत गर्नु हुन साथै सो को प्रगति प्रत्येक महिना भुक्तान भएको १५ दिन भित्र विभागमा पठाउन हुन मिति २०६६।९।२ को निर्णयानुसार अनुरोध छ ।

तपसिल

१. ऋण लगानी गर्दा उद्देश्य/प्रयोजन खुलाउनु पर्ने,
२. सहकारी संस्थाले आवाशीय घर कर्जा तथा रियल स्टेटमा कुल ऋण लगानीको २५% भन्दा वढी लगानी नगर्ने । २५% भन्दा वढी लगानी गरिसकेका संस्थाहरुले यस क्षेत्रमा लगानी नवढाउने । यस शिर्षक अर्न्तगतको लगानी देहायको समय सिमाभित्र २५% मा सीमित गरी सक्नु पर्नेछ ।

| शिर्षक | २०६८ आषाढ मसान्त सम्ममा | २०६९ आषाढ मसान्त सम्ममा |
|---|---|---|
| रियल स्टेट कर्जा | कुल कर्जाको १५% | कुल कर्जाको १०% |
| रियल स्टेट र आवाशीय घर कर्जा दुवैमा गरी | कुल कर्जाको ३५% | कुल कर्जाको २५% |

३. आवास ऋण प्रवाह गर्दा धिताको Fair Market Value को ६०% सम्म मात्र कर्जा प्रवाह गर्नु पर्नेछ । धितोको वजार मूल्यलाई ६०% भार र सरकारी मूल्यलाई ४०% भार दिई Fair Market Value को गणना गर्नु पर्नेछ ।
४. तरलता कुल निक्षेपको कम्तीमा १०% कायम राख्नु पर्नेछ ।
५. एक सदस्यलाई कुल पूंजी कोषको १०% भन्दा वढी हुने गरी ऋण लगानी गर्न पाईने छैन ।
६. संस्थाको उद्देश्य अनुसार ऋणको किसिम खुलेको विवरण र तरलता सम्वन्धी विवरणको प्रगति प्रत्येक महिना व्यतित भएको ७ गते भित्रमा सम्वन्धित सहकारी कार्यालयमा पेश गर्नु पर्नेछ ।
७. वचत संकलन तथा ऋण लगानी सम्वन्धी अन्य व्यवस्थाहरु सहकारी विभागवाट जारी भएको मापदण्ड अनुसार हुनु पर्नेछ ।

(श्रीकृष्ण नेपाल)
शाखा अधिकृत

बोधार्थ :
श्री राष्ट्रिय सहकारी संघ लि.,नेपाल, विजुलीवजार, काठमाण्डौं ।
श्री राष्ट्रिय सहकारी बैङ्क लि., नयाँ बानेश्वर, काठमाण्डौं ।
श्री नेपाल केन्द्रीय बचत तथा ऋण स.सघ लि., नयाँ बानेश्वर, काठमाण्डौं ।

C:\Documents and Settings\User\Desktop\New Microsoft Word Document.doc



(नोटः कृपया पत्राचार गर्दा प.सं., च. नं. र मिति अनिवार्य रुपमा उल्लेख गरिदिनु होला ।)

नेपाल सरकार
कृषि तथा सहकारी मन्त्रालय
# सहकारी विभाग
(..........संस्था संगठन..........शाखा)

फोन नं. : ४-४६५३६२, ४-४६११७७
फ्याक्स : ४-४६५५१७
email:sahakaribivag@gmail.com
Website: www.deoc.gov.np

नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

M/OTC

पत्र संख्या :-
चलानी नं. :- 636
प्राप्त पत्र संख्या र मिति :-

मिति :- २०६६।०९।२०

विषय:- परिपत्र ।

श्री सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय
(सुनसरी, चितवन,कास्की,बाँके र कैलाली)
श्री डिभिजन सहकारी कार्यालय,........

प्रस्तुत विषयमा विगतमा बहुउद्देश्यीय नाम राखि संस्था दर्ता सकभर नगर्ने भनिएको सन्दर्भमा स्थान विषेशमा एउटै सहकारी संस्थावाट विभिन्न प्रकृतिका काम गर्न निश्चित कार्य क्षेत्रमा वसोवास गरेका व्यक्तिहरु सम्मिलित भै सहकारी संस्था खोल्न चाहेमा लगानी गरिने पूँजि तथा संस्थावाट प्रदान हुने सेवाको आधारमा बहुकार्य गर्ने गरी मुख्य विषयसंग सम्वन्धित विषयगत संस्था दर्ता गर्न जोड दिने र विषयगत वाहेक बहुउद्देश्यीय नाम राखि संस्था दर्ता नगर्ने । प्रस्तावित संस्थाको कार्य प्रकृतिको आधारमा बहुउद्देश्यीय राख्नु पर्ने औचित्य पुष्टी हुने आधारहरु भएमा त्यस्तो पुष्ट्याँई सहितको कार्ययोजना र सम्भाव्यता अध्ययन प्रतिवेदन सहित कार्यालयको सिफारिश साथ विभागमा निर्देशन माग गरी पठाउन निर्देशन दिने निर्णय भएकोले सोही अनुसार गर्नु हुन निर्णयानुसार अनुरोध छ ।

(श्रीकृष्ण नेपाल)
शाखा अधिकृत

**वोधार्थ**

श्री राष्ट्रिय सहकारी संघ लि.नेपाल, विजुलीवजार, काठमाण्डौ ।
श्री राष्ट्रिय सहकारी विकास वोर्ड, हरिहरभवन, ललितपुर ।
श्री राष्ट्रिय सहकारी बैक लि.नयाँवानेश्वर, काठमाण्डौ ।
श्री केन्द्रिय बचत तथा ऋण.स.सं.लि, नयाँवानेश्वर, काठमाण्डौ ।
श्री केन्द्रिय दुग्ध सहकारी संघ लि., नयाँवानेश्वर, काठमाण्डौ ।
श्री केन्द्रिय तरकारी तथा फलफूल सहकारी संघ लि.,कालीमाटी, काठमाण्डौ ।
श्री केन्द्रिय उपभोक्ता सहकारी संघ लि.,ग्वार्को,ललितपुर ।
श्री केन्द्रिय कफी सहकारी संघ लि., नयाँवानेश्वर, काठमाण्डौ ।
श्री केन्द्रिय मौरीपालन सहकारी संघ लि.,भरतपुर-१०,चितवन ।
श्री नेपाल कृषि सहकारी संघ लि., नयाँबानेश्वर,ललितपुर ।
श्री जुनार केन्द्रिय सहकारी संघ लि., काठमाण्डौ ।

D:\Share docs 2\Sansthasangathan\Leter pad sangathann.doc By shyam pd lamichhane